# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह) को खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

### परीक्षा योजना (Examination Scheme)

| चरण | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षाको प्रकृति | प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|---|---|
| प्रथम चरण | सामान्य ज्ञान र मनोसामाजिक परामर्श सम्बन्धी जानकारी | ७० | २८ | वहुवैकल्पिक प्रश्न | २५x२=५० | ४५ मिनेट |
| | | | | विषयगत प्रश्न | ४x५=२० | ४० मिनेट |
| द्वितीय चरण | कम्प्युटर सम्बन्धी प्रयोगात्मक | २० | ८ | प्रयोगात्मक | ६ (५+५+४+३+२+१=२०) | ३० मिनेट |
| तृतीय चरण | अन्तरवार्ता | १० | | | | |

**द्रष्टव्य:**

१. प्रथम चरणको प्रश्नपत्रको भाषा नेपाली वा अङ्ग्रेजी वा नेपाली र अङ्ग्रेजी दुवै हुनेछ ।

२. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अङ्ग्रेजी ठुलो अक्षरहरु (Capital Letters) A, B, C, D मा लेख्नुपर्नेछ । सानो अक्षरहरू (Small Letters) a, b, c, d लेखेको वा अन्य कुनै सङ्केत गरेको वा केरमेट गरेको भए सो उत्तरलाई गलत मानिनेछ ।

४. उत्तरपुस्तिकामा प्रश्नपत्रमा उल्लिखित **'कि'** स्पष्टसँग उल्लेख गर्नु पर्नेछ । **'कि'** उल्लेख नगरेको वा उत्तरपुस्तिकामा कुनै सङ्केत गरेको पाइएमा उत्तरपुस्तिका रद्ध हुनेछ ।

५. बहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

६. परीक्षामा सोधिने प्रश्नहरु यथासम्भव सम्बन्धित पाठ्यक्रममा विभाजन गरेको अङ्कको आधारमा सोधिनेछ ।

७. पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भइ हटाइएका वा थप गरी संशोधन भइ कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

८. प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र द्वितीय चरणको परीक्षामा र तृतीय चरणको अन्तरवार्तामा सम्मिलित गराइनेछ ।

९. प्रथम चरणको लिखित परीक्षा, द्वितीय चरणको प्रयोगात्मक परीक्षा र तृतीय चरणको अन्तरवार्ता अङ्कको योगसमेतका आधारमा योग्यताक्रमको सूचीमा समावेश गरी अन्तिम परीक्षाफल प्रकाशन गरिनेछ ।

# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह) को खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**प्रथम चरण:**

**१. सामान्य ज्ञान** **(२० अङ्क)**

१.१. नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत र साधनहरु ।

१.२. नेपालको ऐतिहासिक, साँस्कृतिक र सामाजिक अवस्था बारे जानकारी ।

१.३. नेपालको आर्थिक अवस्था र चालु आवधिक योजना सम्बन्धी जानकारी ।

१.४. छत्रदेव गाउँपालिकाको भौगोलिक, साँस्कृतिक तथा ऐतिहासिक विषयवस्तु सम्बन्धी सामान्य जानकारी

**२. मनोसामाजिक परामर्श** **(२६ अङ्क)**

२.१. वैदेशिक रोजगारीका चुनौती, सवाल र समाधानका उपायहरु,

२.२. नेपालमा रोजगारीको अवस्था, चुनौती र सम्भावनाहरु,

२.३. आप्रवासन र मनोसामाजिक समस्या,

२.४. मनोसामाजिक परामर्शको अवधारणा, प्रक्रिया र परामर्शको विधि तथा तरिकाहरु

२.५. मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी

२.६. सामूहिक मनोपरामर्श सेवाको अवधारणा, प्रक्रिया तथा समूहमा परामर्श सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु र समूह सञ्चालन गर्ने व्यक्तिमा हुनुपर्ने सिपहरु

२.७. मनोसामाजिक समस्याहरु तथा समस्या समाधानको उपायहरुः

(तनाव वा दवाब सामना गर्ने तरिकाहरु, लाञ्छनाको अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शकर्ताको तरिकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिँदा विश्लेषण गर्नुपर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरु, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरुले भोग्नुपरेका मुख्य चुनौतिहरु)

२.८. सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु, कार्य योजना निर्माण

**३. नीतिगत तथा कानूनी व्यवस्था** **(२४ अङ्क)**

३.१. नेपालको संविधान,

३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३.३. श्रम ऐन, २०७४

३.४. श्रम नियमावली, २०७५

३.५. वैदेशिक रोजगार ऐन, २०६४

३.६. वैदेशिक रोजगार नियमावली, २०६५

३.७. वैदेशिक रोगार नीति

३.८. श्रम आप्रवासन नीति, २०८१

३.९. सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम (चौंथो) चरण सञ्चालन मार्गदर्शन, २०८१

**मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह) को खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**द्वितीय चरणः**

**१.** कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा **(२० अङ्क)**

१.१. Nepali Typing -५

१.२. English Typing -५

१.३. Word Processing -४

१.४. Electronic Spreadsheet -३

१.५. PowerPoint Presentation System -२

१.६. Internet Browsing and Website Management -१

**तृतीय चरणः**

**१.** अन्तरवार्ता **(१० अङ्क)**

**पाठ्यक्रम स्वीकृत मितिः २०८२/०५/१४**